# लैंगिक समानता तथा सामाजिक समावेशीकरण रणनीति २०८०

कालीगण्डकी गाँउपालिका

गाँउ कार्यपालिकाको कार्यालय

वडा नं. ४ विर्घा, स्याङ्जा

फोन नं : ९८५६०००००७० र ९८५६००००७१/७२

वेवसाईट : **www.kaligandakimun.gov.np**

ईमेल : **kaligandakimun@gmail.com**

# विषय सूची

पेज नं

परिच्छेद : एक

१.१ पृष्ठभूमि..........................................................................३

१.२ संवैधानिक, कानुनी र नीतिगत व्यवस्था.......................................४

१.३ लैससास रणनीतिको आवश्यकता र औचित्य.................................७

परिच्छेद : दुई .

२.१ कालीगण्डकी गाँउपालिकाको संक्षिप्त परिचय.................................९

२.२ पालिकाको लैससास सम्वन्धी विद्यमान समस्या र चुनौतिहरु..............९

परिच्छेद : तीन

३.१ नाम र प्रारम्भ.....................................................................११

३.२ परिभाष ..........................................................................११

३.३ दीर्घकालिन सोँच.................................................................१५.

३.४ लक्ष्य.............................................................................१६

३.५ उद्धेश्यहरु..........................................................................१६

३.६ रणनीति र कार्यनीति.............................................................१६

परिच्छेद : चार

४.१ कार्यक्रम प्राथमिकता........ ....................................................२०

४.२ लैससास कार्यान्वयन संयन्त्र....................................................२०

४.३ गुनासो व्यवस्थापन...............................................................२३

४.४ अनुगमन, मूल्यांकन...............................................................२५.

४.५ रणनीति समीक्षा तथा संशोधन.................................................२५

## अनसूचिहरु

१ लैससासको कार्यक्रम र वजेट ....................................................२६

२ लैससासको नतिजा खाका .........................................................३०

# परिच्छेद : एक

## १.१ पृष्ठभूमि

संविधान देशको मूल कानून हो । संविधानले कुनै पनि देशको राजनीतिक शक्ति, संस्था तथा नागरिकबीच शक्ति नियन्त्रण र शक्ति सन्तुलनको व्यवस्था गरेको हुन्छ । संविधानले प्रदत्त गरेका प्रावधानहरुको आधारमा अधिकारहरुको व्यवस्थापन तथा राज्य व्यवस्थापन र सञ्चालन हुने भएको हुँदा संविधानमा महिला तथा समावेशीकरणका सवालहरु कसरी राखिएको छ भन्ने विषय निकै महत्वपूर्ण हुन्छ । नेपालको संविधान २०७२ लाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको पक्षबाट विश्लेषण गर्नु अहिलेको मुल आवश्यकता हो ।

नेपालको संविधान २०७२ को प्रस्तावनामा नै लैङ्गिक विभेद अन्त्य गरी समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने व्यवस्था छ । धारा ३८ मा मौलिक हक अन्तर्गत महिलाको हक समावेश छ । महिला हक अन्तर्गत प्रत्येक महिलालाई लैङ्गिक भेदभाव विना समान बंशीय हक हुने, प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक हुने, महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै पनि खालको हिंसाजन्य कार्य वा शोषण गरिने छैन भन्ने छ । राज्यका सबै निकायमा महिलाहरुलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुन पाउने हक, महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक, सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुने व्यवस्था पनि संविधानले गरेको छ ।

धारा ४२ ले सामाजिक रुपले पछाडि परेका महिला लगायतलाई समावेशी सिद्धान्तका आधारमा राज्यको संरचना तथा सार्वजनिक सेवामा सहभागिताको हक हुने उल्लेख गरी सामाजिक न्यायको हक प्रत्याभूत गरेको छ । धारा ४३ ले आर्थिक रुपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका एकल महिला लगायतलाई कानून बमोजिम सामाजिक सुरक्षाको हक सुनिश्चित गरेको छ । साथै महिला विरुद्ध हुने हिंसाजन्य कार्यहरुलाई कानून बमोजिम दण्डनीय हुने व्यवस्था गरेको छ । समानताको हकले नागरिकहरु, सामाजिक र सांस्कृतिक

रुपले पछाडि परेका समुदाय समेतको संरक्षण, सशक्तिकरण वा विकासको लागि संविधान विशेष प्रावधानहरुको थप व्याख्या गरेको छ । सामाजिक न्यायको हकले राज्य हरेक निकायहरुमा समावेशी र समानुपातिक प्रतिनिधित्वको सिद्धान्तका आधारमा जनताको सहभागिता सम्वन्धी अधिकार स्थापित गरेको छ ।

राज्यले नागरिकहरुका बीच उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिंग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा अन्य कुनै आधारमा भेदभाव गर्ने छैन भन्ने व्यवस्था पनि गरेको छ । सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित आदिवासी जनजाति, मधेशी, थारु, मुस्लिम, उत्पीडित वर्ग, पछाडि पारिएको/परेको वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, किसान, श्रमिक, युवा, बाल-बालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गगता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रुपले विपन्न खस-आर्य लगायत नागरिकको संरक्षण, सशक्तिकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन भन्ने व्यवस्था समेत गरेको छ । समान कामका लागि लैङ्गिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा कुनै भेदभाव नगरिने एवं पैतृक सम्पत्तिमा लैङ्गिक भेदभाव विना सबै सन्तानको समान हक हुने व्यवस्था गरेको छ ।

## १.२ संवैधानिक, कानुनी र नीतिगत व्यवस्था

नेपालको संविधानले राज्यका सबै तहहरु संघ, प्रदेश र स्थानीय तहमा महिला प्रतिनिधित्वको अनिवार्य व्यवस्था गरेको छ । स्थानीय सरकारका सबै तह, स्थानीय कार्यकारिणी, न्यायिक समिति, स्थानिय सभा, प्रदेश सभा र जिल्ला समन्वय समितिमा महिला प्रतिनिधित्वको अनिवार्य व्यवस्थाले राज्य प्रणालीलाई लैङ्गिक रुपमा समावेशी बनाएको स्पष्ट देख्न सकिन्छ । आरक्षित व्यवस्थाका वाहेक अरु संख्यामा पनि महिला प्रतिनिधित्वको अवसर हुन सक्ने स्थिति वनेको छ ।

नेपालको संविधानले महिला अधिकार सम्बन्धी तथा समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने व्यवस्था गरेको छ । नयाँ प्रावधानहरुको प्रभावकारी कार्यान्वयन गर्दै ती अधिकारहरु सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारु, मुस्लिम,

उत्पीडित वर्ग, पछाडि पारिएको/परेको वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, किसान, श्रमिक, युवा, बाल-बालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रुपले विपन्न खस आर्य लगायत नागरिकहरुले उपभोग गर्न सक्ने वातावरण सिर्जना गर्न आवश्यक छ ।

राष्ट्रिय योजना आयोगले पन्धौं योजना-आर्थिक वर्ष २०७६/७७-२०८०/८१) को आधार-पत्र तर्जुमा गर्दा संविधानमा व्यवस्था गरेका मौलिक हक, दिगो विकास सम्वन्धी लक्ष्य र अन्तराष्ट्रिय सन्धि, महासन्धि तथा अन्य दस्तावेजका साथै नेपाल सरकारले विभिन्न समयमा व्यक्त प्रतिवद्धताहरुलाई केन्द्रमा राखेको छ । यहि तथ्यलाई ध्यानमा राखी लैङ्गिक समतामूलक राष्ट्र बनाउने सोच तथा महिलाको समान र अर्थपूर्ण सहभागिता सहित सारभूत समानता कायम गर्ने लक्ष्य लिएको छ ।

लैङ्गिक उत्तरदायी शासन व्यवस्थालाई संस्थागत गर्दै महिलाको सम्मानित जीवनयापनको वातावरण सुनिश्चित गर्ने, महिला विरुद्ध हुने हिंसा, भेदभाव र शोषणको अन्त्य गर्ने, आर्थिक समृद्धि र दिगो विकासका लागि महिलाको समान अग्रसरता तथा नेतृत्वदायी भूमिका स्थापित गर्दै श्रोत, साधन, अवसर तथा लाभमा महिलाहरुको समान पहुँच सुनिश्चित गर्ने उद्देश्यहरु पन्धौं योजनाले राखेको छ ।

**स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११** मा उल्लेख गरिए बमोजिम गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार अन्तर्गत विभिन्न बुँदाहरुले जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरु सहित सुकुम्बासी व्यवस्थापन गर्न लक्षित समुह सम्बन्धी स्थानीय योजना, कार्यक्रम, स्रोत परिचालन र व्यवस्थापन, सामाजिक सुरक्षा सम्बन्धी स्थानिय तथ्याङ्क र सूचना व्यवस्थापन तथा गरिब घर परिवार पहिचान सम्बन्धी स्थानीय सर्वेक्षण, सूचना व्यवस्थापन र नियमन गर्ने कुराहरु उल्लेख गरेको छ ।

उक्त ऐनको **दफा १२** मा उल्लेख गरिए बमोजिम वडा समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत स्थानीय तहको योजना तर्जुमा गर्दा सहभागितामूलक योजना तर्जुमा प्रणाली अनुसार बस्ती वा टोलस्तरबाट योजना तर्जुमा प्रकृया अवलम्बन गरी महिला तथा पिछडिएको वर्गको सहभागितामा जोड, योजना बनाउदा महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने योजना छनौटमा जोड दिदै लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण ***(लैससास)*** प्रवर्द्धन गर्ने व्यवस्थालाई जोड दिएको

छ । त्यस्तै **वडाभित्रका विकास कार्यहरु कार्यान्वयन** गर्दा उक्त वडाभित्र आर्थिक तथा सामाजिक रुपमा पछि परेका वा पारिएका महिला, बाल-बालिका, दलित, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, अल्पसंख्यक, सीमान्तकृत समुदायको अभिलेख राखि सामाजिक र आर्थिक उत्थान सम्बन्धी काम गर्ने कुरालाई समेत स्पष्ट रुपमा औंल्याइएको छ । ऐनले वडा भित्र बाल विवाह, बहु-विवाह, लैङ्गिक हिंसा, घरेलु हिंसा, छुवाछुत, दहेज तथा दाईजो, हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम, मानव बेचबिखन जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने गराउने दायित्व समेत सुम्पेको छ ।

नेपालमा घरेलु हिंसा हुँदा धेरैजसो पीडितले न्याय खोज्न नगएको र पीडा सहेर बसेको देखिन्छ । जस्तैः ***''आर्थिक (गरिबी) रुपले समक्ष नहुनु, समाजमा बेइज्जत हुने डर हुनु, घर परिवारको डर हुनु, आफ्नो बालबच्चाको भविष्य खराब होला भन्ने सोच हुनु, पीडकले झन् यातना देला भन्ने डर हुनु, न्याय खोज्न बाहिर निस्किँदा न्यायलयबाट आफूलाई न्याय मिल्ला भन्ने विश्वास नहुनु, पीडक परिवारको सदस्य समेत हुने भएको हुँदा माया हुनु तथा अब फेरि सुध्रेला कि भन्ने सोच हुनु''*** लगायतका कारण पाइन्छ ।

विगतमा पनि विभिन्न कानुनी तथा नीतिगत प्रावधानहरुलाई कार्यान्वयन गर्न केही मन्त्रालयहरुले जस्तैः स्थानीय विकास मन्त्रालयको ***"लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०६६"*** र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको ***"लैङ्गिक समानता तथा सामाजिक समावेशीता स्थानीयकरण रणनीति, २०७५"***, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको ***"स्वास्थ्य क्षेत्रको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति २०६६"*** महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको ***"राष्ट्रिय लैङ्गिक समानता नीति, २०७४"***, शहरी विकास मन्त्रालयको ***"लैङ्गिक समानता तथा सामाजिक समावेशी मार्गदर्शन, २०७०" प्रदेश तथा स्थानीय तहका लागि "लैंगिक उत्तरदायी बजेट नमुना निर्देशिका २०७७" आदि जस्ता लैससास*** नीति तथा मार्गदर्शन तयार गरिएको थियो ।

नेपालको संविधान, लैससास संग सम्वन्धीत नियम कानुनहरु, राष्ट्रिय तथा प्रदेश आवधिक योजनाहरु र लैसास कार्यान्वयनको लागि नेपाल पक्ष भएका अन्तराष्ट्रिय घोषणापत्र तथा महासन्धीहरुको व्यवस्थालाई स्थानीयकरण तथा यस गाँउपालिकाका लैससास सम्वन्धका

विशिष्ट सवालहरुको समाधान गर्दै लैजान **"कालीगण्डकी गाँउपालिकाको लैंगिक समानता तथा सामाजिक समावेशीकरण रणनीति २०८०"** तयार गरिएको छ ।

## १.३ लैससास रणनीतिको आवश्यकता र औचित्य

नेपालको संविधान २०७२ लागू भएपछि, संघ, प्रदेश तथा स्थानीय सरकारले लैससास क्षेत्रको सुधारका लागि प्रशस्त कार्यहरु कार्यान्वयन गर्दै आएको छ । कालीगण्डकी गाँउपालिकामा पनि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका विषयमा संविधानमा भएका व्यवस्थाहरुको कार्यान्वयन गर्न, संघीय शासन स्वरुप, विगतमा निर्माण भएका नीति, नियम, ऐन कानुन, कार्यविधी, लैससास बारे राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिवद्धता र नेपालले विगतमा भोगेका समस्या तथा चुनौतिहरुलाई मध्यनजर गर्दै तिनीहरुको समाधान स्थानीयस्तरमा पालिकाले प्रभावकारी रुपमा कार्यान्वयन गर्न यो रणनीतिको आवश्यकता महसुश गरिएको हो ।

संविधानले दिएका हकहरुको कार्यान्वयन गर्न तथा समानुपातिक समावेशीका आधारमा पालिका संरचनाका सबै अङ्गहरुमा महिला, दलित, आदिवासी जनजाति, मधेशी, मजदुर, किसान, अपाङ्गता भएका व्यक्ति, पिछडिएका वर्ग र क्षेत्र सबैलाई सहभागी गराउने संवैधानिक व्यवस्थालाई पालिका तहमा पनि प्रभावकारी कार्यान्वयन गर्न यो रणनीतिको आवश्यकता देखिएको छ । सामाजिक विविधता बीचको असमानता, सामाजिक बञ्चितिकरण, सामाजिक, आर्थिक तथा प्रशासनिक क्षेत्रमा रहेको पहुँचको अन्तरलाई न्यून गर्न पनि रणनीति चाहिएको हो ।

संघीय सरकारबाट जारी भएका ***लैससास*** सम्बन्धी विभिन्न नीति, कार्यविधी, निर्देशिकालाई स्थानीय तहमा स्थापित संरचनाहरु मार्फत कार्यान्वयन गरि अनुगमन तथा मूल्यांकन प्रक्रिया र स्थानीय तहको कार्य सम्पादनमा ***लैससास*** संवोधन गर्ने गरी ***लैससास*** अवधारणासँग नीतिगत र कार्यगत परिपूरक र सामन्जस्यता ल्याउन पनि रणनीतिको भूमिका महत्वपूर्ण हुने देखिन्छ ।

कालीगण्डकी गाँउपालिकामा पनि महिलाहरु बीचको असमानतामा वृद्धि तथा पहिचानका समस्याले लक्षित महिला, सीमान्तकृत तथा विपन्न महिलाहरुले पर्याप्त सेवा सुविधा प्राप्त गर्न नसकेको पाईएको छ । महिला तथा बाल-बालिका माथि हुने सबै प्रकारका हिंसा,

बेचबिखन, घरायसी कामकाज, गरिबी सम्बन्धी खण्डीकृत तथ्यांकको अभाव, लैङ्गिक समानता तथा महिला सशक्तिकरणको लागि नियमति र चुस्त अनुगमन पद्धति वनाउन यो रणनीति प्रभावकारी हुनेछ ।

महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारु, मुस्लिम, उत्पीडित वर्ग, पछाडि पारिएको/परेको वर्ग, अल्पसंख्यक, सीमान्तीकृत किसान, श्रमिक, युवा, बाल-बालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय आदिलाई शिक्षा, स्वास्थ्य सेवामा पहुँच, रोजगारी सिर्जना गर्ने क्षेत्रमा लगानी वढाउनुपर्ने अहिलेको आवश्यकता हो । गाँउपालिकाबाट तर्जुमा गरी कार्यान्वयन गरिने सबै नीति, योजना तथा कार्यक्रमहरुलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको दृष्टिकोणबाट विश्लेषण गरी विशेष गरी महिला, दलित तथा पिछडिएका वर्गको आर्थिक, सामाजिक, राजनैतिक र सांस्कृतिक अवस्थामा सुधार गर्न प्रयास कम भएको देखिन्छ ।

गाँउपालिका भित्र कार्यरत सरकारी कर्मचारी, विभिन्न सञ्जालहरु, उपभोक्ता समिति, नीजि क्षेत्र, सामुदायिक संघ संस्था, सहकारी तथा गैरसरकारी संस्थाद्धारा सञ्चालित कार्यक्रम र बजेटलाई लैससास उत्तरदायी बनाउन र स्थानीय सरकारको योजना तर्जुमा प्रकृयामा मूलप्रवाहीकरण गर्न पनि यो रणनीति फलदायी हुनेछ ।

महिला उपर हुने सबै खालका हिंसा तथा भेदभाव उन्मूलन गर्ने महासन्धि, प्रस्ताव नं १३२५ र १८२० कार्यान्वयन, वेइजिङ्ग घोषणा र २०३० सम्मको लागि तय गरिएको दिगो विकासका लक्ष्यहरुको कार्यान्वयन प्रभावकारिता अभिवृद्धि गरि गाँउपालिका तथा यस अन्तर्गतका संरचना, कार्यक्रम, योजना, बजेट तथा आयोजनाको प्रत्येक चरणमा लैससासलाई योजनाबद्ध रुपमा मूलप्रवाहीकरण तथा स्थानीयकरण यथाशीघ्र गर्दै लैजान र एकरुपता कायम गर्न यो रणनीतिको औचित्यता देखिन्छ ।

***स्थानीय सरकार सञ्चालन ऐन २०७४ को धारा ११, उपधारा २, बुँदा ७ को उपबुँदा २*** द्धारा प्रदत्त अधिकारको प्रयोग गरी कालीगण्डकी गाँउपालिकाको लागि आगामी ३ वर्षे ***"लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति, २०८०"*** तयार गरिएको हो । यस नीतिको सफल कार्यान्वयनबाट सम्पूर्ण गाँउपालिकाबासीहरुले विभेद र हिंसारहित समाजमा आत्मसम्मानपूर्वक जीवनयापन गर्न पाउने अवस्थाको सुनिश्चित गर्नेछ ।

# परिच्छेद : दुई

## २.१ कालीगण्डकी गाउँपालिकाको संक्षिप्त परिचय

नेपालको संविधान २०७२ ले राज्यको पुर्नसंरचना गरि नेपाललाई ७ प्रदेश र ७५३ वटा स्थानीय तहमा विभाजन गरिएको छ । गण्डकी प्रदेश, स्याङ्गजा जिल्लाको सुदुरपश्चिममा रहेको कालीगण्डकी गाँउपालिका साविकका श्रीकृष्णगण्डकी, विर्घा, आलमदेवी र चण्डीभन्ज्याङ्ग गाविस मिलाई वनाईएको हो । पुर्व र उत्तरमा गल्याङ्ग नगरपालिका छ भने उत्तरमै गुल्मी जिल्लाको कालीगण्डकी तथा सत्यवती गाँउपालिका छन् । यसैगरि दक्षिण पश्चिममा पाल्पाको तानसेन नगरपालिका र दक्षिणमा बगनासकाली गाँउपालिकाको भूगोलले कालीगण्डकी गाँउपालिकालाई घेरा हालेको छ । करिव ७३.५१ वर्ग कि.मी क्षेत्रफलमा फैलिएको कालीगण्डकी गाँउपालिकाको केन्द्र साविकको विर्घा गाउ विकास समितिको गहलाम हो । करिव २५ हजार जनसंख्या रहेको यस कालीगण्डकी गाँउपालिकामा ७ वटा वडा छन् भने यहाँ मगर, गुरुङ्ग, व्राहमण, क्षेत्री तथा दलित समुदायमा नागरिक वसोवास गर्दै आएको पाईएको छ ।

## २.२ पालिकाको लैससास सम्वन्धी विद्यमान समस्या र चुनौतिहरु

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण बहु-क्षेत्रगत सवाल हो । अहिले पनि विभिन्न खालका लैससाससंग जोडिएका समस्याहरु रहेको तथ्य सवैलाई थाहा छ । विगतमा विभिन्न मन्त्रालय तथा कार्यालयहरुले ***लैससास*** नीति तथा मार्गदर्शन वनाएका थिए । अझैपनि नीति तथा कार्यक्रमहरुको प्रभावकारी कार्यन्वयन भएको देखिदैन् । कालीगण्डकी गाँउपालिकामा पनि पर्याप्त नीति तथा कार्यक्रमहरुको अभावले गर्दा महिला तथा पछाडि परेका वा पारिएका समुहको आवश्यकता अझै प्रभावकारी सम्बोधन हुन सकेको छैन । गाँउपालिकाकाले प्रदान गर्ने सेवा तथा सुविधाहरुमा महिला, दलित तथा पछाडि परेका समुदायको पहुंच र निर्णय गर्ने क्षमतामा कमी हुन गयो, त्यसैले उनीहरुले तर्जुमा गर्ने योजना, कार्यक्रम तथा बजेट लैङ्गिक उत्तरदायी वा लैङ्गिक संवेदनशील हुन नसकेको हो ।

प्रदेश सरकार र स्थानीय सरकारले लैससासको नीति तथा कार्यविधि बनाएर योजना, कार्यक्रम तथा बजेटको तर्जूमा गरि नसकेको विद्यमान अवस्थामा सो सम्बन्धी नीति, योजना तथा कार्यक्रमहरुमा लैङ्गिक संवेदनशीलताको अभाव खड्किएको छ । लैङ्गिक

उत्तरदायी बजेट प्रणालीका आधारभूत पक्षहरु समेत ओझेलमा परेका छन् । गाँउपालिकाको लैङ्गिक मूलप्रवाहीकरणका प्रयासहरुमा महिला, दलित तथा पिछडिएका समूहको सारभूत सहभागिता भन्दा औपचारिक प्रतिनिधित्वमा सीमित हुन पुगेको छ ।

त्यसैले, ***लैससास*** को लागि राजनीतिक प्रतिवद्धता, इच्छाशक्ति र स्रोत साधनको परिचालन र जनचेतना अभिवृद्धि गरि पालिकाका हरेक विकास योजना तथा कार्यक्रमहरुमा ***लैससास*** लाई मूलप्रवाहीकरण गर्ने सोच, ज्ञान र दक्षता भएका जनशक्तिको व्यवस्थापन, स्रोत साधनको परिचालन, अन्तर-निकाय समन्वय र सहकार्यलाई प्रभावकारी बनाउने कार्य यस कालीगण्डकी गाँउपालिकाको लागि चुनौती वनेको छ । गाँउपालिकका कतिपय वस्तीहरुमा महिला हिँसा, दलित वस्तीमा कुटपिट, गालीगलौज, छुवाछुत जस्ता जधन्य जस्ता क्रियाकलाप अझैपनि देखिन्छ । कालीगण्डकी गाँउपालिकामा महिला, दलित, जनजाती, न्यून आय भएका गरिव, पछाडी पारिएको समुदाय तथा वन्चितीकरण र वहिष्करणमा परेको समुदायको आर्थिक हैसियत उकास्ने कार्य अर्को चुनौति देखिन्छ ।

कालीगण्डकी गाँउपालिकाको वार्षिक नीति कार्यक्रम तथा वजेटको समीक्षा गर्दा लैंगिक समानता तथा सामाजिक समावेशीकरण प्रवर्धन गर्ने खालका कार्यक्रम पर्याप्त नभएको देखिन्छ । गाँउपालिकाको अधिकांश कार्यक्रम र वजेट भौक्तिक पुर्वाधारमा केन्द्रित देखिन्छ । लक्षित वर्गको लागि आयआर्जन र स्वरोजगार तथा क्षमता विकासका लागि कार्यक्रम न्यून छ । वडा तहमा योजना छनौट गर्दा समेत लक्षित वर्गको अर्थपूर्ण सहभागिता नभएको देखिदैन । लैससास सम्वन्धी कुनै पनि नीति, नियम तथा कानुन समेत नवनाएको पाईएको छ । त्यसैले पनि आगामी वर्षमा लैंगिक समानता तथा सामाजिक समावेशीकरणको क्षेत्रमा यथेष्ठ कार्यक्रम र वजेट निर्माण र निकासा गरि प्रभावकारी कार्यान्वयन गर्नु कालीगण्डकी गाँउपालिकाको मुख्य चुनौति वनेको छ ।

# परिच्छेद : तीन

## ३.१ नाम र प्रारम्भ

यस रणनीतिको नाम **कालीगण्डकी गाँउपालिकाको “लैंगिक समानता तथा समाजिक समावेशीकरण रणनीति २०८०”** हुनेछ र यसको प्रारम्भ स्थानीय सरकारले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ ।

## ३.२ परिभाषा

कालीगण्डकी गाँउपालिकाको लैंगिक समानता तथा समाजिक समावेशीकरण रणनीति २०८० मा प्रयोग गरिने मुख्य शब्दावलीहरुको परिभाषा विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा देहाय अनुसारको दिईएको छ ।

क) **“रणनीति”** भन्नाले कालीगण्डकी गाँउपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण  रणनीति २०८० सम्झनु पर्छ ।

ख) **“स्थानीय तह”**  भन्नाले गाउँपालिका, नगरपालिका र जिल्ला समन्वय समिति सम्झनुर्पछ ।

ग) **“गाँउपालिका”** भन्नाले कालीगण्डकी गाँउपालिका सम्झनुपर्दछ ।

घ) **“लैंगिक”** भन्नाले समाजवाट निर्मित पुरुष र महिलाको भूमिका एवं पहिचानको साथै उनीहरु वीचको सामाजिक सम्वन्धलाई सम्झनुपर्छ ।

ङ) **“योजना”** भन्नाले समग्र विकास निर्माण सम्बन्धी कार्यको लागि तयार गरिएको स्थानीय तहको आवधिक विकास योजना, वार्षिक विकास योजना, एकीकृत शहरी विकास योजना, जिल्ला सडक गुरुयोजना र विषयगत गुरुयोजना, रणनीति योजना आदि सम्झनुपर्दछ ।

च) **“सामाजिक वञ्चितीकरण”** भन्नाले औपचारिक नियम, ऐन, कानुन आदि तथा परम्परादेखि चलिआएको अनौपचारिक मूल्य मान्यता बमोजिम लिङ्ग, जातजाति, धर्म आदि विभेदका कारणले सुविधाबाट वञ्चित भएको अवस्थालाई सम्झनुपर्छ ।

छ) **“सामाजिक समावेशीकरण”** भन्नाले अवसर तथा स्रोत साधन उपभोग गर्नबाट वञ्चित भई जोखिममा परेका र स्तरयुक्त आर्थिक, सामाजिक तथा सांस्कृतिक जीवनयापन गर्नबाट वञ्चित भई गरिबी तथा सामाजिक रुपमा वञ्चितिकरणमा परेका समूहहरुलाई विकास

निर्माण र कार्यसम्पादनका प्रकृयाहरुमा सहभागी गराई उपलब्ध अवसर, श्रोत, साधन तथा आधारभूत अधिकार उपयोग गर्ने कुराको सुनिश्चिततालाई सम्झनुपर्छ ।

ज) **"सामाजिक समावेशी सम्पर्क व्यक्ति"** भन्नाले कुनै कार्यालय वा निकायमा समावेशी विषय हेर्ने गरी सम्पर्क व्यक्तिको रुपमा तोकिएको कर्मचारीलाई सम्झनुपर्छ ।

झ) **"सामाजिक समावेशी बजेट"** भन्नाले विभिन्न जातजाति, क्षेत्र, वर्ग र समुदाय, अपांगता भएका व्यक्ति, बालबालिका तथा जेष्ठ नागरिकहरुको आवश्यकतालाई सहभागिमुलक ढंगले सम्बोधन गर्दै समग्र विकास प्रक्रियालाई निजहरु प्रति उत्तरदायी बनाउने उद्देश्यले तर्जुमा गरिने बजेट तथा कार्यक्रमलाई जनाउँछ । सामाजिक समावेशी लक्ष्यलाई केन्द्रमा राखेर सामाजिक समावेशीकरण सम्बन्धी विश्लेषण गरी आर्थिक स्रोतको सुनिश्चितता र उपलब्धिको समतामूलक वितरण र उपभोग हुने गरी तर्जुमा गरिएको बजेट समेत सम्झनुपर्छ ।

ञ) **"विकास साझेदार"** भन्नाले नेपाल सरकारसँग भएको सम्झौता बमोजिम नगद, जिन्सी एवम् प्राविधिक सहयोग उपलब्ध गराउने द्विपक्षीय एवम् बहुपक्षीय दातृ निकाय, संयुक्त राष्ट्रसंघीय निकायहरु तथा अन्तराष्ट्रिय गैरसरकारी संस्था सम्झनुपर्छ ।

ट) **"टोल विकास संस्था"** भन्नाले ऐनको दफा १२ (२) क बमोजिम सामाजिक परिचालकको अवधारणा बमोजिम गठन हुने समूह सम्झनुपर्छ ।

ठ) **"उपभोक्ता समिति"** भन्नाले आयोजनाबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरुको समुहले कुनै आयोजना निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार गर्नको लागि आफुहरु मध्येबाट निश्चित प्रक्रिया बमोजिम गठन गरेको समिति सम्झनुपर्छ ।

ड) **"सामुदायिक संस्था"** भन्नाले जनचेतना सम्बन्धी तालिम, अभिमुखीकरण, सीप विकास, बचत, कर्जा परिचालन, समावेशी विकास र सशक्तिकरण गर्ने उद्देश्यले निश्चित प्रक्रिया अवलम्वन गरी प्रचलित कानुन बमोजिम स्थापना भएका संस्था तथा स्थानीय तहमा सूचीकृत भएका समुदायमा आधारित संस्था सम्झनुपर्छ ।

ढ) **"गैर-सरकारी संस्था"** भन्नाले प्रचलित कानून बमोजिम स्थापना भएका स्थानीय तहको सभाबाट आफ्नो कार्यक्रम स्वीकृत गराई स्थानीय तहसँग समन्वय राखी कार्य सञ्चालन गर्ने गैर-नाफामूलक संस्था सम्झनुपर्छ ।

ण) **"स्थानीयकरण"** भन्नाले कुनैपनि विषय वा कार्यक्रमलाई स्थानीय ठाँउ विशेषको परिस्थिती वा अवस्था अनुसार ढाली त्यसको प्रभावकारी एवं अधिकत्म उपभोग गर्ने प्रक्रिया सम्झनुपर्दछ

त) **"वञ्चित समुह"** भन्नाले परम्परागत रुपमा लामो समयदेखि जातिय, आर्थिक, लैङ्गिक, अपाङ्गता, यौनिक तथा लैङ्गिक अल्पसंख्यक एवम् भौगोलिक कारणले गर्दा पछि परेका महिला, दलित, आदिवासी जनजाति, मधेसी, मुस्लिम, अपाङ्ग, जेष्ठ नागरिक, बाल-बालिका एवम् दुर्गम क्षेत्रमा बसोबास गर्ने जनता सम्झनुपर्दछ ।

थ) **"अल्पसंख्यक"** भन्नाले संघीय कानून बमोजिम निर्धारित प्रतिशत भन्दा कम जनसंख्या रहेका जातीय, भाषिक र धार्मिक समूह सम्झनुपर्छ र सो शब्दले आफ्नै जातीय, धार्मिक र भाषिक विशिष्टता भएको, त्यसलाई बचाई राख्ने आकांक्षा रहेका, विभेद र उत्पीडन भोगेको समूह समेतलाई जनाउँछ ।

द) **"सीमान्तीकृत"** भन्नाले राजनीतिक, आर्थिक र सामाजिक रुपले पछाडि पारिएका, विभेद र उत्पीडन तथा भौगोलिक विकटताको कारणले सेवा सुविधाको उपभोग गर्न नसकेका वा त्यसबाट वञ्चित रहेका संघीय कानून बमोजिमको मानव विकासको स्तर भन्दा न्यून स्थितिमा रहेका समुदाय सम्झनुपर्छ र सो शब्दले अति-सीमान्तीकृत र लोपोन्मुख समुदाय समेतलाई जनाउँछ ।

ध) **"लैङ्गिक प्रभाव विश्लेषण"** भन्नाले नीति तथा अभ्यासहरुको परीक्षण गरेर कुनै पनि योजना कार्यक्रम तथा आयोजनाबाट महिला एवम् पुरुष कत्तिको लाभान्वित भएका छन् भन्ने अवस्थाको विश्लेषण गर्ने कार्यलाई सम्झनुपर्दछ ।

न) **"लैङ्गिक समता"** भन्नाले अवसर र न्यायबाट वञ्चित महिला वा पुरुषलाई थप अवसर दिएर समतामूलक स्थितिको निर्माण गर्न गरिने विशेष प्रयासलाई सम्झनुपर्दछ ।

प) **"लैङ्गिक समानता"** भन्नाले महिला र पुरुषबीच सबै क्षेत्र र तहमा समान अवसर र समान लाभ हासिल गर्न गरिने विशेष प्रयासलाई सम्झनुपर्दछ ।

फ) **"लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण"** भन्नाले महिला तथा पुरुष र विभिन्न सामाजिक समुहहरु बीचको असमान शक्ति सम्बन्धलाई पुनः सन्तुलित गर्न तथा हरेक प्रकारका सामाजिक पहिचान भएका व्यक्तिहरुका लागि समान अधिकार, अवसर एवं सम्मान सुनिश्चित गर्नका लागि आवश्यक कदम चाल्नुपर्ने विषयलाई सम्झनु पर्दछ ।

ब) **“लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट”** भन्नाले स्थानीय तहको योजना तर्जुमा गर्दा समाजमा रहेका विभिन्न जातजाति, क्षेत्र, वर्ग र समुदायका महिला, पुरुष, तेस्रोलिङगी,अपाङ्गता भएका व्यक्ति, बाल-बालिका तथा जेष्ठ नागरिकहरुको आवश्यकतालाई सहभागितामूलक ढंगले सम्बोधन गर्दै समग्र विकास प्रक्रियालाई निजहरु प्रति उत्तरदायी बनाउने उद्देश्यले तर्जुमा गरिने कार्यक्रम र बजेटलाई जनाउँछ । लैङ्गिक समानता तथा सामाजिक समावेशी लक्ष्यलाई केन्द्रमा राखेर उद्देश्यमूलक, योजनावद्ध, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी विश्लेषण गरी आर्थिक स्रोतको सुनिश्चितता र उपलब्धिको समतामूलक वितरण र उपभोग हुने गरी गरिने बजेट तर्जुमा प्रक्रियालाई सम्झनुपर्दछ ।

भ) **“लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी परीक्षण”** भन्नाले समाजमा रहेका विभिन्न जातजाति, क्षेत्र, वर्ग र समुदायका महिला र पुरुषबीचको भूमिका, सम्बन्ध, स्थान, स्तर, अवसर आदिको विश्लेषणबाट लैङ्गिक समानता तथा समावेशी विकास गर्न तय गरिएको बजेट र कार्यक्रम मार्फत तोकिएको उद्देश्य हासिल भए नभएको लेखाजोखा र परीक्षण गरी सुधारका उपाय पहिल्याउने औजारलाई सम्झनुपर्छ ।

म) **“लैङ्गिक मूलप्रवाहीकरण”** भन्नाले कुनै पनि योजनाबद्ध कार्य, नीति, नियम, कार्यक्रम कार्यान्वयनको हरेक क्षेत्र तथा तह र तप्कामा महिला तथा वञ्चितिमा परेका वर्गहरुलाई समाहित गर्ने प्रक्रियालाई सम्झनुपर्दछ ।

य) **“लैङ्गिक उत्तरदायी बजेट”** भन्नाले लैङ्गिक समानताका लागि बजेटको सुनिश्चितता, बजेटका सबै प्रक्रियामा लैङ्गिक मूलप्रवाहीकरण र उपलब्धिको समतामूलक वितरणका साथै उपभोगको लागि लैङ्गिक विश्लेषण सहित योजनाबद्ध रुपमा उद्देश्यमूलक कार्यक्रमहरु तर्जुमा र प्राथमिकीकरण गर्दै कार्यक्रम छनौट गरी लगानी गर्ने पद्धतिलाई जनाउँदछ ।

र) **“सामाजिक वञ्चितीकरणमा परेको समूहहरु”** भन्नाले महिला, बाल-बालिका, दलित, आदिवासी जनजाति,  मधेशी, मुस्लिम, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरु तथा भौगोलिक रुपले दुर्गम क्षेत्रमा बसेका जनतालाई बुझाउँदछ ।

ल) **“सशक्तिकरण”** भन्नाले विकासका अवसरहरुबाट वञ्चित, श्रोत र साधनमा पहुँच तथा नियन्त्रणमा पछाडि परेका, पारिएका अशक्त वा कमजोर वर्गलाई सवल बनाउने कार्यलाई सम्झनुपर्दछ ।

व) **“खण्डकीकृत तथ्याङ्क”** भन्नाले महिला तथा पुरुष जातीय अल्पसंख्यक समुह, अपाङ्गता भएका एवं एच.आई.भि. संक्रमित व्यक्ति तथा अन्य सीमान्तकरणमा परेका समुहहरुको तहगत तथ्याङ्कलाई सम्झनुपर्दछ ।

श) **“सार्वजनिक परीक्षण”** भन्नाले वित्तिय सूचना सहितको कार्यक्रम प्रकाशित गरेर सेवाग्राही तथा सरोकारवालाहरु प्रति सेवाप्रदायकको जवाफदेहिता र पारदर्शिता कायम गर्दै सुशासन अभिवृद्धि गर्ने उद्देश्यले अपनाइने विधिलाई सम्झनुपर्दछ ।

ष) **“सामाजिक परीक्षण”** भन्नाले संस्थाद्धारा सञ्चालित कार्यक्रमको सामाजिक, आर्थिक तथा वातावरणीय लाभ एवं मापदण्डहरुको लेखाजोखा सहित सामाजिक रुपमा प्रदर्शन गर्ने प्रकृयालाई सम्झनुपर्दछ ।

स) **“गरिबी नक्शाङ्कन”** गरिबी नक्शाङ्कन भन्नाले एउटा निश्चित भू-भागमा बसोबास गर्ने घरपरिवारको गरिबी र असमानताको स्थान केन्द्रित वितरण (Spatial Distribution) बारे थाहा पाउन प्रयोग गर्ने विधिलाई सम्झनुपर्दछ ।

ह) **“लक्षित वर्ग/समूह”** भन्नाले आर्थिक रुपमा विपन्न वर्गका महिला एवं बालबालिका तथा आर्थिक र सामाजिक रुपमा पिछडिएका वर्गहरु (सबै जातजातिका विपन्न वर्गहरु, जेष्ठ नागरिक, यौनिक अल्पसंख्यक, आदिबासी जनजाति, मधेशी, दलित, मुस्लिम, पिछडिएको वर्ग, अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक तथा सीमान्तकृत समुह आदिको) एवं नेपाल सरकारले लक्षित समूह भनी तोकेका वर्ग एवं समुदाय सम्झनु पर्दछ ।

क्ष) **“एलजीबीटीआई”** भनेको समलिंगी महिला, पुरुष,उभयलिंगी, तेस्रो लिंगी, पहिचान भन्दा भिन्न लैंगिक रुची र व्यवहार हुनेहरु र अपूर्ण वा द्धेत लिंगीलाई सम्झनु पर्छ ।

## ३.३ दीर्घकालिन सोच

क) कालीगण्डकी गाँउपालिकामा लैङ्गिक, जातीय तथा क्षेत्रीय भेदभावमुक्त लैङ्गिकमैत्री, समावेशी, समतामूलक, समृद्ध र न्यायपूर्ण समाजको निर्माण गर्ने ।

ख) गाँउपालिकामा विद्यमान रहेका लैंगिक तथा सामाजिक मूल्य, मान्यता, संस्कार र व्यवहारमा परिवर्तन ल्याउने ।

ग) गाँउपालिकामा लैससास उत्तरदायी वातावरण सृजना गरी महिला तथा वन्चितीकरणमा परेका समूहहरुलाई समग्र विकास प्रक्रियाको मुलप्रवाहीकरणमा योगदान वढाउने ।

## ३.४ लक्ष्य

यो रणनीतिको मुख्य लक्ष्य आगामी ५ वर्षमा कालीगण्डकी गाँउपालिकामा रहेका लैंगिक तथा सामाजिक विभेदहरु तथा कुरितीहरु हटाई महिला, वालवालिका तथा वन्चितीकरणमा परेका सवै समुदायहरुलाई सरकारी सेवा सुविधामा समान पहुँच उपलब्ध गराउने छ । गाँउपालिकाका सवै नीति, कानुन, योजना र बजेटलाई लैससासमैत्री वनाई महिला तथा वन्चितीकरण र वहिष्करणमा परेका समूहहरुलाई विकासको मुल प्रवाहमा ल्याई समतामुलक समाजको स्थापना गर्ने मुल लक्ष्य छ ।

## ३.५ उद्देश्यहरु

यस रणनीतिको मुख्य उद्देश्य लैससास अवधारणा सरलीकृत रुपमा स्थानीयकरण गरि गाँउपालिकाले गर्ने सम्पूर्ण विकास योजना तथा कार्यक्रमलाई लैससास उत्तरदायी र दिगो बनाउन आर्थिक श्रोतको सुनिश्चिता, उपलब्धीको समतामूलक वितरण र उपयोगी बनाउने रहेको छ । यसका विशिष्ट उद्देश्यहरु निम्न छन् ।

८.१. महिला, बालवालिका, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक तथा सिमान्तकृत व्यक्तिहरुको समग्र अधिकारको संरक्षण तथा प्रवर्द्धन गर्नु ।

८.२. महिला, बालवालिका, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक तथा सिमान्तकृतमैत्री वातावरण सिर्जना गर्नु ।

## ३.६ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्धेश्य १ः महिला, बालवालिका, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक तथा सिमान्तकृत व्यक्तिहरुको समग्र अधिकारको संरक्षण तथा प्रवर्द्धन गर्नु ।** | |
| १.१ लैगिंक उत्तरदायी बजेट र शासन व्यवस्थालाई संस्थागत गर्ने | १.१.१ लैंगिक समानता सम्वन्धी नीति तर्जुमा, विद्यमान कानुन तथा कार्यक्रममा पुनरावलोकन गरिनेछ ।<br>१.१.२ महिला विरुद्ध हुने सवै प्रकारका हिँसा,शोषण र विभेद नियन्त्रण सम्वन्धी कानुनी उपचार प्रणालीलाई सहज, छिटो र पहुँयोग्य वनाईनेछ ।<br>१.१.३ आर्थिक रुपले विपन्न र सामाजिक रुपले पछाडी |

| | |
|---|---|
| | परेका महिलाहरुको आर्थिक सशक्तीकरण र सामाजिक रुपान्तरणलाई प्राथमिकता दिईनेछ ।<br>१.१.४ नीति निर्माण,योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मुल्यांकनमा महिलाको सहभागिता वृद्धि गरि नेतृत्व तहमा ल्याईनेछ । |
| **१.२** विपन्न, अपाङ्गता भएका, असहाय, अनाथ, विषेश संरक्षणको आवश्यकता भएका वालवालिका तथा किशोर किशोरीको उचित संरक्षणको वातावरण निर्माण गर्ने । | १.२.१ वालवालिका तथा किशोरकिशोरीहरु विरुद्ध हुने हिँसा, वाल यौनदुर्व्यवहार, वालश्रम, वालविवाह, वलत्कार, वेचविखन जस्ता अपराध विरुद्ध कानुन सुधार गरी शुनय सहनशिलताको नीति अवलम्वन गरिनेछ ।<br>१.२.२ ईन्टरनेटको दुरुपयोगवाट वालवालिका माथि पर्ने सवै खालका नकरात्मक असरहरु न्यूनीकरण गर्ने उपायहरुको खोजी गरी कार्यान्वयनमा ल्याईनेछ । |
| १.३ जेष्ठ नागरिकको लागि हेरचाह, स्याहार सुसार र उपयुक्त वातावरण सिर्जना गर्ने । | १.३.१जेष्ठ नागरिकको आर्थिक तथा सामाजिक हक अधिकार संरक्षणको लागि जेष्ठ नागरिक संरक्षण नीति तर्जुमा गरिनेछ ।<br>१.३.२ स्याहार सुसार गर्ने मानिस नभएका जेष्ठ नागरिकहरुको लागि स्याहार केन्द्र स्थापना गरिनेछ ।<br>१.३.३ जेष्ठ नागरिकहरुको घैरदैलोमा उपचारको व्यवस्था मिलाईनेछ । |
| १.४ सवै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुको हक अधिकार संरक्षण गर्न आवश्यक नीति निर्माण गरि प्रभावकारी कार्यान्वयन गर्ने । | १.४.१ अपाङ्गता भएका व्यक्तिहरु प्रति गरिने विभिन्न प्रकारको अन्ध विश्वास, विभेद र सवै प्रकारका हिँसा नियन्त्रण र निराकरण गर्न कार्यक्रम संचालन गरिनेछ ।<br>१.४.२ अपाङ्गता भएका व्यक्तिहरुको लागि स्याहार केन्द्र स्थापना गरिनेछ ।<br>१.४.३ अपाङ्गता भएका व्यक्तिहरुको लागि अध्ययनको व्यवस्था मिलाईनेछ । |

| | |
|---|---|
| | १.४.४ अपाङ्गता भएका व्यक्तिहरुको आर्यआर्जन तथा स्वरोजगारको लागि उद्यमशिला कार्यक्रम तथा तालिम दिईनेछ । |
| **उद्धेश्य २: महिला, बालवालिका, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक तथा सिमान्तकृतमैत्री वातावरण सिर्जना गर्नु ।** | |
| २.१ लैगिक समानता र सामाजिक समावेशीकरण सम्वन्धी स्थानीय नीति, कानुन तथा मापदण्डको निर्माण तथा कार्यान्वयन गर्ने । | २.१.१ लैंगिक समानता तथा सशक्तीकरण मापन सूचकहरु तयार गरी अनुगमन तथा मुल्यांकन प्रणालीलाई प्रभावकारी वनाईनेछ ।<br>२.१.२ महिलालाई व्यवसाय संचालन तथा आयमुलक कार्य गरी स्वरोजगार तथा उद्यमहिशलता विकास गर्न सहुलियतपूर्ण ऋण तथा वित्तिय पहुँचको व्यवस्था मिलाईनेछ । |
| २.२ वालमैत्री तथा किशोर किशोरीमैत्री वातावरणको विकास गर्ने | २.२.१ वालमैत्री स्थानीय शासन लागू गरिनेछ । |
| २.३ जेष्ठ नागरिकको सुरक्षा र सहजताको लागि सामाजिक सुरक्षा सेवा वृद्धि गर्ने । | २.३.१ जेष्ठ नागरिकलाई सम्मान, आदर र सहजताका लागि विभिन्न सेवा र सुविधामा विशेष छुट र सहुलियतको व्यवस्था गरिनेछ ।<br>२.३.२ जेष्ठ नागरिकको ज्ञान,सिप र अनुभवलाई उपयोग गर्ने अवसर प्रदान गर्नुका साथै अन्तरपुस्ता अनुभव हस्तान्तरण कार्यक्रम संचालन गरिनेछ ।<br>२.३.३ सामाजिक सुरक्षा भत्ता घरदैलोमा पुऱ्याउने व्यवस्था मिलाईने छ । |
| २.४ लक्षित वर्गको पहुँच वढ्ने गरि सार्वजनिक निर्माण तथा सुधार गर्ने । | २.४.१ भौक्तिक संरचना, पुर्वाधार तथा यातायाताका साधनहरु र सेवा सुविधा अपाङ्गमैत्री वनाईनेछ ।<br>२.४.२ शिक्षण सिकाई पद्धति अपाङ्गमैत्री वनाई गुणस्तरीय |

| | |
|---|---|
| | शिक्षामा सवै अपाङ्गता भएका वालवालिकाहरुको पहुँच वृद्धि गरिनेछ ।<br>२.४.३ भिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिको सहज पहुँच हुने नागरिक वडापत्र राख्ने कार्य गरिनेछ । |

# परिच्छेद : चार

## ४.१ कार्यक्रम प्राथमिकता

१. महिला सशक्तीकरणका कार्यक्रम,

२. वाल हेरचाह केन्द्र,

३. जेष्ठ नागरिक मिलन तथा सेवा केन्द्र,

४. अपाङ्गता भएका व्यक्तिहरुका लागि पुर्नस्थापना केन्द्र ।

## ४.२ लैससास कार्यान्वयन संयन्त्र

## लैससास सम्वन्धी विभिन्न समितिहरुको गठन, परिचालन र जिम्मेवारी

नयाँ संघीय व्यवस्था अनुसार पालिकाले विभिन्न समितिहरु गठन गरि यस रणनीतिको प्रभावकारी कार्यान्वयन तथा अनुगमन समिति गठन गरि सबै तहमा कार्यक्षेत्र तथा जिम्मेवारी सहितको उत्तरदायित्व प्रदान गर्नेछ ।

**(क) पालिका लैससास नीति समन्वय, सहजीकरण, कार्यान्वयन, सुपरिवेक्षण तथा अनुगमन समिति :**

यस **लैससास** नीति समन्वय, सहजीकरण, कार्यान्वयन, सुपरिवेक्षण तथा अनुगमन गर्न निम्नानुसारको एक ९ सदस्यीय समिति रहनेछ ।

| | | |
|---|---|---|
| १. | गाँउपालिका अध्यक्ष | संयोजक |
| २. | गाँउपालिका उपाध्यक्ष | सदस्य |
| ३. | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ४. | कार्यपालिकाका सदस्यहरु मध्येबाट (एक जना महिला सहित) २ जना र सामाजिक विकास समिति संयोजक १ जना । | सदस्य |
| ४. | गाँउकार्यपालिकाद्धारा मनोनित लक्षित वर्गको क्षेत्रमा कार्य गर्ने व्यक्ति वा संस्था मध्येबाट बढीमा २ (एक जना महिला सहित) जना | सदस्य |
| ५. | पालिकाको विषयगत शाखा प्रमुख | सदस्य सचिव |

**(आवश्यकता अनुसार लैससास क्षेत्रमा कार्यरत गैसस, महिला सञ्जाल, युवा सञ्जाल, अपाङ्गता, दलित संजाल तथा जेष्ठ नागरिक संजाल भएका व्यक्तिहरुको सञ्जाल, विज्ञ,**

**उद्योग वाणिज्य संघ, पत्रकार महासंघका प्रतिनिधिलाई आमन्त्रित सदस्यको रुपमा यस समितिमा राख्न सकिनेछ) ।**

**(ख) पालिका लैससास नीति समन्वय, सहजीकरण, कार्यान्वयन, सुपरिवेक्षण तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकारः**

१.गाँउपालिका भित्रका महिला, बालबालिका, युवा, जेष्ठ नागरिक, अपाङ्गता, आदिवासी जनजाति, मधेशी, मुस्लिम, अल्पसंख्यक तथा अन्य आर्थिक, भौगोलिक, सामाजिक तथा सांस्कृतिक दृष्टिले पिछडिएको समुदाय खण्डीकृत तथ्याङ्क संकलन एवं विश्लेषण गर्ने ।

२.लैङ्गिक आर्थिक, भौगोलिक, सामाजिक तथा सांस्कृतिक दृष्टिले पिछडिएको समुदायको समग्र स्थितिको अध्ययन गरी त्यस सम्बन्धि गर्नुपर्ने नीतिगत, कानूनी र संस्थागत सुधारका विषयमा गाँउसभा समक्ष सिफारिस गर्ने ।

३.संघ तथा प्रदेश सरकारबाट भएका रणनीति, नीति, योजना तथा कार्यक्रम कार्यान्वयन गर्न सहयोग गर्ने गराउने ।

४.लैङ्गिक, आर्थिक, भौगोलिक, सामाजिक तथा सांस्कृतिक दृष्टिले पिछडिएको समुदायको हकहितको संरक्षण र सम्वर्द्धन तथा त्यस्तो समुदायको सशक्तिकरणका लागि स्थानीय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि गाँउसभा समक्ष सिफारिस गर्ने ।

५.यस रणनीतिसँग सम्बन्धित कार्यक्रम तथा योजना कार्यन्वयनमा सहयोग गर्ने तथा आवश्यक सुझाव दिने र कार्यक्रम कार्यान्वयनको समिक्षा, अनुगमन तथा मूल्याङकन गर्ने ।

६.गाँउपालिकाको नियमित रुपमा लैङ्गिक तथा सामाजिक समावेशी बजेट परीक्षण गर्ने ।

७.लैससाससँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धी, सम्झौताहरुको समन्वय, सहकार्य, सहजीकरण र कार्यान्वयन गर्ने गराउने ।

८.गाँउपालिका क्षेत्रभित्र लैससाससँग सम्बन्धि काम गर्ने संघ-संस्थाहरुसँग समन्वय, सहकार्य र सहजीकरण गर्ने ।

९. वार्षिक प्रगति समीक्षामा लैससास क्षेत्रको विषयलाई समावेश गर्ने ।

१०. लैंगिक हिँसा निवारण कोषको स्थापना, परिचालन र कार्यान्वयन गर्ने ।

**(ग) गाउपालिका लैससास नीति समन्वय, सहजीकरण, कार्यान्वयन, सुपरिवेक्षण तथा अनुगमन समितिको बैठक र निर्णय :**

१.समितिको बैठक वर्षमा (बढीमा) ६ पटक बस्न सक्नेछ ।

२.संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

३.समितिको बैठक बस्नु भन्दा कम्तिमा २४ घण्टा अगावै समितिको सदस्य-सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सबै सदस्यहरुलाई दिनुपर्नेछ ।

४.समितिका कूल सदस्य संख्याको ५० प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा सो समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

५.समितिको बैठकको अध्यक्षता सो समितिका संयोजकले गर्नेछन् र निजको अनुपस्थितिमा समितिमा उपस्थित सदस्यहरु मध्ये जेष्ठ सदस्यको अध्यक्षतामा वैठक वस्नेछ ।

६.समितिको बैठक सम्बन्धि अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**(घ) वडास्तरीय समितिः**

गाँउपालिकाको प्रत्येक वडामा यस नीतिसँग सम्बन्धित कार्यक्रम तथा योजना कार्यन्वयनमा सहयोग गर्न एक वडा स्तरीय समिति गठन गरिनेछ । जसमा देहाय बमोजिमका अध्यक्ष तथा सदस्यहरु रहनेछन्:

| | | |
|---|---|---|
| १. | सम्बन्धित वडाको वडा अध्यक्ष | संयोजक |
| २. | सम्बन्धित वडाका वडा सदस्यहरु | सदस्य |
| ३. | सम्बन्धित वडा समितिले लक्षित वर्गको क्षेत्रमा कार्य गर्ने व्यक्ति वा संस्थाबाट मनोनित गरेका बढीमा २ (एक जना महिला) जना सदस्यहरु | सदस्य |
| ४. | सम्बन्धित वडाको वडा सचिव | सदस्य सचिव |

**ङ) वडा स्तरीय समितिको काम, कर्तव्य र अधिकारः**

१.वडा भित्रका महिला, बाल-बालिका, युवा, जेष्ठ नागरिक, अपाङ्गता, आदिवासी जनजाति, मधेशी, मुस्लिम, अल्पसंख्यक तथा अन्य आर्थिक, भौगोलिक, सामाजिक तथा सांस्कृतिक दृष्टिले पिछडिएको समुदायको खण्डीकृत तथ्याङ्क संकलन गर्ने ।

२.वडा भित्रका महिला, बाल-बालिका, युवा, जेष्ठ नागरिक, अपाङ्गता, आदिवासी जनजाति, अल्पसंख्यक तथा अन्य आर्थिक, भौगोलिक, सामाजिक तथा सांस्कृतिक दृष्टिले पिछडिएका समुदायको हकहितको संरक्षण र सम्वर्द्धन तथा त्यस्तो समुदायको सशक्तिकरणको लागि कार्यक्रम बनाई वडामा पेश गर्ने ।

३.वडाभित्र योजना छनौट प्रकृयामा महिला, बाल-बालिका, युवा, जेष्ठ नागरिक, अपाङ्गता, आदिवसी जनजाति, मधेशी, मुस्लिम, अल्पसंख्यक आदि समुदायको अर्थपूर्ण सहभागिता अनिवार्य गर्ने ।

४.वडाका सबै संरचनाहरुमा ३३ प्रतिशत महिला सहभागिताको सुनिश्चिता गर्ने र ५० प्रतिशतको लागि आवश्यक पहल गर्ने ।

५.यस रणनीतिसँग सम्बन्धित कार्यक्रम तथा योजना कार्यन्वयनमा सहयोग गर्न क्षमता अभिवृद्धिको क्षेत्र पत्ता लगाउने र उनीहरुको कार्यक्रमलाई ***लैससास*** मैत्री बनाउन सहजीकरण गर्ने ।

६.वडाको वार्षिक तथा आवधिक योजना, कार्यक्रम तथा बजेट ***लैससास*** उत्तरदायी वा संवेदनशील भए नभएको सुनिश्चित गर्ने, विश्लेषण गर्ने र वर्षको अन्तिममा नियति ***लैससास*** परीक्षण गराउन सहजीकरण गर्ने ।

७. वडा कार्यालयको कार्यक्षेत्र भित्र लैङ्गिक हिंसा तथा घरेलु हिंसाको उजुरी गर्ने प्रचलन अति न्यून रहेको, उजुरी भै हालेपनि उजुरीकर्ताको सुरक्षाको निम्ति कुनै व्यवस्था नरहेकाले वडा कार्यालयको कार्यक्षेत्र भित्र लैङ्गिक हिंसा, घरेलु हिंसा र र्दुव्यवहार सम्बन्धि विषयमा प्राप्त गुनासाहरु ***लैससास*** नीति, समन्वय, सहजीकरण, कार्यान्वयन, सुपरिवेक्षण तथा अनुगमन समितिलाई जानकारी गराउने र आवश्यक समन्वय गर्ने गराउने ।

८.***लैससास*** को अवस्था विश्लेषण गर्न गराउन आवश्यक समन्वय गर्ने ।

९.***लैससास*** सम्बन्धी आचारसंहिता निर्माण गर्न सहजीकरण गर्ने ।

१०.***लैससास*** मा काम गर्ने आन्तरिक र बाह्रय संघ-संस्थासँग समन्वय र सहकार्य गर्ने ।

## ४.३ गुनासो व्यवस्थापन

सम्बन्धित लाभग्राही वा सरोकारवालाहरुले वडा कार्यालयको कार्य क्षेत्र भित्र लैङ्गिक हिंसा, घरेलुहिंसा र र्दुव्यवहार सम्बन्धी विषयमा आफ्ना गुनासा तथा सुझावहरु भए निर्वाध रुपमा कानून बमोजिम राख्न सक्नेछन् । यस्ता गुनासाहरुको व्यवस्थापन गर्न वडा कार्यालयमा कम्तीमा एक-एक जना महिला तथा पुरुषलाई ***सम्पर्क व्यक्तिको*** रुपमा तोकिनेछ ।

**क) गुनासाहरुको संकलन, दर्ता तथा व्यवस्थापन सम्बन्धी सम्पर्क व्यक्तिहरु देहाय बमोजिम हुनेछ ।**

- महिलाहरुको तर्फबाट
- पुरुषहरुको तर्फबाट

**ख) सम्पर्क व्यक्तिहरुको काम कर्तव्य निम्नानुसार हुनेछ :**

- वडावासीहरुलाई गुनासो व्यवस्थापन संयन्त्रको बारेमा जानकारी दिने र सचेत गराउने ।
- वडामा विभिन्न माध्यमबाट आएका लैङ्गिक हिंसा, महिला हिंसा, घरेलु हिंसा र र्दुव्यवहार सम्बन्धी घटनाहरुको दर्ता गरी अभिलेख राख्ने ।
- गुनासोहरुको व्यवस्थापन तथा आवश्यक कार्यबाहीको लागि वडा कार्यालय र लैससास समितिलाई जानकारी गराउने ।
- वडा कार्यालय र लैससास समितिसँग सहकार्य गरि हिंसा पीडितलाई आवश्यक सहयोग गर्ने ।
- सम्बोधन गरिएका गुनासाहरुको अभिलेख राख्ने र सम्बन्धित गुनासो कर्तालाई गुनासो प्राप्त भैसकेपछि र सम्बोधन भए पश्चात जानकारी गराउने ।
- गुनासाहरुको उपयुक्त (सम्मान, संवेदनशीलता र पाददर्शी, समय आदि) तरिकाले व्यवस्थापन भैरहेको सुनिश्चत गर्ने ।
- आवश्यक परे कानुनी सहयोगका लागि सहजीकरण गर्ने ।

**ग) गुनासा तथा सुझावहरु प्राप्त गर्ने तरिकाः**

सम्बन्धित लाभग्राही वा सरोकारवालाहरुले वडा कार्यालयको कार्य क्षेत्र भित्र पर्ने विषयमा आफ्ना गुनासा तथा सुझावहरु निम्न उल्लेखित तरिकाबाट राख्न सक्नेछन् :

- आफ्ना गुनासो वडा कार्यालयबाट उपलब्ध गराईएको गुनासो फारम भरि यस वडा भित्र राखिएको सुझाव पेटिकामा खसाल्न सक्छन् वा वडा कार्यालयमा स्वंय उपस्थित भई वा सम्बन्धित कर्मचारीहरु मार्फत राख्न सक्छन् ।
- वडा कार्यालयमा सोझै वा हुलाक मार्फत गुनासो पत्र पठाउन सक्छन् ।
- पालिका वा वडा कार्यालयको वेवसाईट वा ईमेल मार्फत पठाउन सक्छन् ।

- वडा कार्यालयका कर्मचारीको हकमा आफ्ना गुनासाहरु माथि उल्लेखित कुनैपनि माध्यमबाट सोझै वडा कार्यालयमा दिन सक्छन् ।

प्राप्त गुनासो तथा सुझावहरुलाई वडा कार्यालयले तोकेका फोकल व्यक्तिहरुले प्रकृया बमोजिम दर्ता गरी सम्बन्धित वडास्तरीय समिति हुँदै लैससास नीति समन्वय, सहजीकरण, कार्यान्वयन, सुपरिवेक्षण तथा अनुगमन समितिको बैठकमा आवश्यक छलफल र समिक्षाका लागि पेश गर्नेछन् । उक्त समितिले दर्ता भएका गुनासो उपर गर्नुपर्ने कारवाहीको लागि निर्णय गरि वडा समिति मार्फत सम्बन्धित गुनासोकर्तालाई जवाफ/सन्देश पठाउने वा उस्तै प्रकृतिका गुनासोहरुको हकमा सार्वजनिक सूचना प्रकाशित गरि गुनसो सम्बोधन गर्नेछन् ।

## ४.४ रणनीति अनुगमन र मूल्यांकन

यस रणनीतिको सफल र प्रभावकारी कार्यान्वयनको लागि रणनीतिले तोकेका क्षेत्रगत रणनीतिहरु र सो अन्तरगतका कार्यनीतिहरुको आधारमा वार्षिक तथा आवधिक योजनामा कार्यक्रमहरु समावेश गरी कार्यान्वयनको अनुगमन गरिनेछ । साथै कार्यक्रमहरुवाट प्राप्त नतिजाहरुको मूल्यांकन गर्ने कार्य कालीगण्डकी गाँउपालिका वा लैंगिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिले गर्नेछ ।

## ४.५ रणनीति समीक्षा तथा संशोधन

यो रणनीति कार्यान्वयनको प्रभावकारीता, उपयुक्तता र उपादयताको मुल्याङकनलाई आवश्यकता अनुसार समीक्षा गरि पुनरावलोकन तथा सुधार गर्न सकिनेछ । यस रणनीतिको कार्यान्वयनमा कुनै बाधा अड्चन आएमा यस रणनीतिका प्रावधानलाई प्रतिकुल असर नपर्ने गरी गाँउपालिकाले बाधा अड्चन फुकाउन सक्नेछ ।

# अनुसूचिहरु

## १. लैंससासको कार्यक्रम र वजेट

**यो तीन वर्षे कार्ययोजनाको आधार वर्ष २०८०/०८१ हो भने अन्तिम वर्ष ०८३/०८४ मानिएको छ। वजेट रु.हजारमा राखिएको छ।**

| क्र.स | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | कार्यक्रम तथा क्रियाकलाप | लक्ष्य र वर्ष | | | बजेट | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | | |
| १. | १ | १.१ | १.१.१ | लैंगिक उत्तरदायी वजेट परिक्षण | १ | १ | १ | ९०० | का.गा.पा |
| २. | १ | १.१ | १.१.१ | लैससास सुधार छलफल कार्यक्रम | १ | १ | १ | ३०० | का.गा.पा |
| ३. | १ | १.१ | १.१.१ | लैससास सम्वन्धी नीति तर्जुमा र विद्यमान कानुन तथा कार्यक्रमको पुनरावलोकन र कार्यान्वयन | १ | १ | १ | ४५० | का.गा.पा |
| ४. | १ | १.१ | १.१.१ | लैंगिक हिँसा विरुद्ध महिला सचेतना तालिम र अभियान संचालन | ८ | ८ | ८ | ३६०० | का.गा.पा |
| ५. | १ | १.१ | १.१.१ | महिला विरुद्ध हुने सवै खालका हिँसा, शोषण र विभेद नियन्त्रणका लागि कानुनी उपचार प्रणालीलाई सहज वनाउन सवै वडामा सहजीकरण टोली सहितको सहायता कक्ष स्थापना | ३ | २ | २ | २१०० | का.गा.पा |
| ६. | १ | १.१ | १.१.१ | कानुनी उपचार तथा परामर्श सम्वन्धमा तालिम तथा अनुशिक्षण संचालन (एउट पालिकामा) | ४ | २ | २ | ८०० | का.गा.पा |
| ७. | १ | १.१ | १.१.१ | हिँसा प्रभावित व्यक्तिहरुको लागि सेफ हाउस निर्माण | | १ | | २५०० | का.गा.पा |
| ८. | १ | १.१ | १.१.१ | पालिकाको नीति निर्माण, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मुल्यांकन सम्वन्धमा महिलाहरुको लागि तालिम | २ | २ | २ | ६०० | का.गा.पा |
| ९. | १ | १.१ | १.१.१ | विपन्न र सामाजिक रुपले पछाडी | २ | २ | २ | ६०० | का.गा.पा |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | परेका महिला लक्षित आर्थिक सशक्तीकरण र सामाजिक रुपान्तरण अभियान तथा क्षमता विकास कार्यक्रम संचालन | | | | | |
| १०. | १ | १.१ | १.१.१ | विपद तथा महामारीका समयमा जोखिममा रहेका गर्भवती तथा सुत्केरी महिलाहरुका लागि विषेश कार्यक्रम | २ | २ | २ | ६०० | का.गा.पा |
| ११. | १ | १.१ | १.१.१ | दुई छोरी जन्माउनेलाई प्रोत्साहन कार्यक्रम | १ | १ | १ | ६०० | का.गा.पा |
| १२. | १ | १.१ | १.१.१ | महिला मात्रैको सहकारी खोल्न प्रोत्साहन कार्यक्रम | | | १ | १५० | का.गा.पा |
| १३. | | | | दलित तथा जनजाती छात्रालाई स्कुटर तालिम संचालन | १ | १ | १ | ३०० | का.गा.पा |
| १४. | १ | १.२ | १.२.१ | वालवालिका तथा किशोर किशोरीहरु विरुद्ध हुने हिँसा, वाल यौनदुर्व्यवहार, वालश्रम, वालविवाह, वलत्कार, वेचविखन जस्ता अपराध विरुद्ध कानुन कार्यान्वयन र अनुगमन | १ | १ | १ | १५० | का.गा.पा |
| १५. | १ | १.२ | १.२.१ | निर्मित कानुनी प्रावधानका वारे स्थानीय संस्था, समूह, वाल क्लव तथा विद्यालयको सक्रियतामा अनुशिक्षण तथा अभिमुखीकरण | १० | १० | १० | ३०० | का.गा.पा |
| १६. | १ | १.२ | १.२.२ | ईन्टरनेटको दुरुपयोगवाट वाल वालिका माथि पर्ने सवै प्रकारका नकरात्मक असरहरु न्युनीकरण गर्न गोष्ठी, तालिम तथा वालक्लव र विद्यालयस्तरमा मनोसामाजिक परामर्श सेवा कार्यक्रम | १० | १० | १० | ३०० | का.गा.पा |
| १७. | १ | १.२ | १.२.२ | प्रत्येक वडामा वाल उद्यान निर्माण | ७ | | | २१०० | का.गा.पा |
| १८. | १ | १.२ | १.२.२ | अतिरिक्त क्रियाकलाप, प्रतियोगिता, तथा क्षमता विकासका कार्यक्रम | १ | १ | १ | ४५० | का.गा.पा |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १९. | १ | १.२ | १.२.२ | वालवालिकामा अन्तरनिहित प्रतिभा तथा क्षमता प्रस्फुटन गर्नका लागि विद्यालयमा प्रतियोगिता संचालन | १ | १ | १ | ४५० | कु.न.पा |
| २०. | १ | १.२ | १.२.२ | योजना तर्जुमा तथा कार्यान्वयनमा प्रभावकारी सहभागिता तथा नेतृत्व विकासका लागि तालिम संचालन | १ | १ | १ | ४५० | का.गा.पा |
| २१. | १ | १.२ | १.२.२ | विपद तथा महामारीलाई केन्द्रीत गरी वालवालिकाहरुलाई संक्रमण न्युनीकरण कार्यक्रम | २ | २ | २ | ६०० | का.गा.पा |
| २२. | १ | १.३ | १.३.१ | जेष्ठ नागरिक संरक्षण नीति तर्जुमा तथा कार्यान्वयन | १ | | | १०० | का.गा.पा |
| २३ | १ | १.३ | १.३.१ | जेष्ठ नागरिक सामाजिक सुरक्षा भत्ता सहज तथा सुलभ वितरण | ० | | | ० | का.गा.पा |
| २४ | १ | १.३ | १.३.१ | स्वास्थ्य विमामा सवै जेष्ठ नागरिकहरुको पहुँचमा विस्तार कार्यक्रम | १ | १ | १ | ३०० | का.गा.पा |
| २५ | १ | १.३ | १.३.१ | विपद तथा महामारीका समयमा जेष्ठ नागरिकहरु केन्द्रीत राहत कार्यक्रम, संक्रमण नियन्त्रणको उपाय तथा सुरक्षाका लागि सहयोग र उपचार विषेश कार्यक्रम | १ | १ | १ | ६०० | का.गा.पा |
| २६ | १ | १.४ | १.४.१ | सवै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुको हक अधिकार संरक्षण गर्न आवश्यक नीति निर्माण | १ | | | १०० | का.गा.पा |
| २७ | १ | १.४ | १.४.१ | अपाङ्गता परिचय पत्रको सहज वितरण कार्यक्रम | १ | १ | १ | ३०० | का.गा.पा |
| २८ | १ | १.४ | १.४.१ | अपाङ्गता भएकाहरुको लागि शिक्षा, क्षमता विकास तथा रोजगारी सम्वन्धी कार्यक्रम | १ | १ | १ | ६०० | का.गा.पा |
| २९ | २ | २.१ | २.१.१ | लैंगिक समानता र सामाजिक | | १ | | १५० | का.गा.पा |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | समावेशीकरण सम्वन्धी नीति, कानुन तथा मापदण्डको निर्माण, सूचक निर्धारण तथा कार्यान्वयन | | | | | |
| ३० | २ | २.१ | २.१.१ | लैंगिक हिँसारहित पालिका घोषणको पहल | २ | २ | २ | ६०० | का.गा.पा |
| ३१ | २ | २.१ | २.१.१ | सकरात्मक विभेद अन्त्य गर्ने सम्वन्धी अलग्गै नीति वनाउने | | | १ | १०० | का.गा.पा |
| ३२ | २ | २.१ | २.१.१ | स्थानीय श्रमनीति वनाई लागू गर्ने | १ | | | १०० | का.गा.पा |
| ३३ | २ | २.१ | २.१.२ | महिला स्वरोजगार तथा उद्यमशिलता विकास तालिम संचालन | १ | १ | १ | ६०० | का.गा.पा |
| ३४ | २ | २.१ | २.१.२ | महिलाहरुका लागि व्यवसाय संचालन गर्न सहुलियतपुर्ण ऋण व्यवस्था | ५ | ५ | ५ | १५०० | का.गा.पा |
| ३५ | २ | २.२ | २.२.१ | वालमैत्री स्थानीय शासनका लागि अनुशिक्षण, तालिम तथा पुर्वाधार तयारी कार्यक्रम | १ | १ | १ | ३०० | का.गा.पा |
| ३६ | २ | २.२ | २.२.१ | वालवालिका दिवा खाजा कार्यक्रम | ७ | | | ५०० | का.गा.पा |
| ३७ | २ | २.३ | २.३.१ | जेष्ठ नागरिक सम्मान कार्यक्रम | १ | १ | १ | ३०० | का.गा.पा |
| ३८ | २ | २.३ | २.३.१ | जेष्ठ नागरिकहरुको सिप तथा अनुभव हस्तान्तरण कार्यक्रम | १ | १ | १ | ३०० | का.गा.पा |
| ३९ | २ | २.३ | २.३.१ | जेष्ठ नागरिकहरुको लागि धार्मिक भवन निर्माण | २ | २ | ३ | २१०० | का.गा.पा |
| ४० | २ | २.३ | २.३.१ | अस्पताल, यातायातमा सहुलियत | १ | १ | १ | ३०० | का.गा.पा |
| ४१ | २ | २.४ | २.४.१ | अपाङ्गमैत्री पुर्वाधार निर्माणका लागि नीति निर्माण | १ | | | १०० | का.गा.पा |
| ४२ | २ | २.४ | २.४.१ | अपाङ्गमैत्री शिक्षण पद्धति सम्वन्धी शिक्षकहरुको लागि तालिम संचालन | १ | १ | १ | ६०० | का.गा.पा |
| | | | | जम्मा : | | | | २७८५० | |

## २. लैंससासको नतिजा खाका

| नतिजाको स्तर | नतिजा | सूचक | पुष्ट्याईको आधार | जिम्मेवार निकाय |
|---|---|---|---|---|
| प्रभाव | महिला, वालवालिका, अपाङ्गता भएका व्यक्तिहरु, जेष्ठ नागरिक तथा सिमान्तकृतहरु विरुद्ध हुने सवै प्रकारका विभेद,हिँसा र शोषण कमी भएको हुने | महिला, वालवालिका, अपाङ्गता भएका व्यक्तिहरु, जेष्ठ नागरिक तथा सिमान्तकृतहरु विरुद्धका विभेदका घटनाहरुमा आएको कमीको दर । | गापा वा.प्र | का.गा.पा |
| | | महिलाको कार्यवोझमा आएको कमी । | गापा वा.प्र | का.गा.पा |
| असर १ | महिला, वालवालिका, अपाङ्गता भएका व्यक्तिहरु, जेष्ठ नागरिक तथा सिमान्तकृतहरुको समग्र अधिकारको संरक्षण तथा प्रवर्द्धन भएको हुने | नीति निर्माण तथा कार्यान्वयनमा भएका नीति तथा कार्यविधि | गापा वा.प्र | का.गा.पा |
| | | पालिकाको लैंगिक उत्तरदायी वजेट | गापा वा.प्र | का.गा.पा |
| | | उजुरी परेका घरेलु तथा लैंगिक हिँसा,विवादहरु मध्ये फर्स्यौट भएकाहरु | गापा वा.प्र | का.गा.पा |
| प्रतिफल १.१ | पालिकाको नीति निर्माण, योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मुल्यांकन प्रक्रियामा लक्षित समुदायको सहभागिता वृद्धि भएको | नीति निर्माण, योजना तर्जुमा प्रक्रियामा महिला सहभागिताको दर | गापा वा.प्र | का.गा.पा |
| | | औपचारिक रोजगारीमा महिला सहभागिताको दर | गापा वा.प्र | का.गा.पा |
| | | निर्णय प्रक्रियामा महिलाको अर्थपूर्ण | गापा वा.प्र | का.गा.पा |

| | | | | |
|---|---|---|---|---|
| | हुने । | सहभागिता दर | | |
| प्रतिफल १.२ | अपांङ्गता भएका व्यक्तिहरु, असहाय, अनाथ, विशेष संरक्षणको आवश्यकता भएका वालवालिकाहरुको जीवन मर्यादित भएको हुने । | संरक्षण भएको वालवालिकाको दर | गापा वा.प्र | का.गा.पा |
| | | निर्माण भएका वाल उद्यान | गापा वा.प्र | का.गा.पा |
| | | सम्मानीत विभिन्न प्रतिभावान वालवालिकाको तथ्यांक | गापा वा.प्र | का.गा.पा |
| प्रतिफल १.३ | जेष्ठ नागरिकको लागि हेरचाह, स्याहार सुसार र उपयुक्त वातावरण सिर्जना भएको | निर्माण भएको नीति तथा कार्यविधि | गापा वा.प्र | का.गा.पा |
| | | सामाजिक सुरक्षा भक्ताको सहजतामा नागरिकको सन्तुष्टी | गापा वा.प्र | का.गा.पा |
| | | स्वास्थ्य विमामा पहुँचको दर | गापा वा.प्र | का.गा.पा |
| प्रतिफल १.४ | सवै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुको हक अधिकार संरक्षण भएको हुने । | निर्माण भएको नीति | गापा वा.प्र | का.गा.पा |
| | | अपाङ्ग परिचय पत्र पाएको संख्या | गापा वा.प्र | का.गा.पा |
| | | योजना तर्जुमामा सहभागिता दर | गापा वा.प्र | का.गा.पा |
| | | नेतृत्व तहमा पुगेकाको दर | गापा वा.प्र | का.गा.पा |
| | | अपाङ्गता लक्षित बजेट | गापा वा.प्र | का.गा.पा |
| असर २ | महिला, बालवालिका | जीवन थप सहज भएको | गापा वा.प्र | का.गा.पा |

| | | | | |
|---|---|---|---|---|
| | तथा अपाङ्गता भएका व्यक्तिहरु, जेष्ठ नागरिक तथा सिमान्तकृतहरु मैत्री वातावरण सिर्जना भएको हुने । | महसुश गर्नेको प्रतिशत । | | |
| प्रतिफल २.१ | महिलाहरु व्यवसाय संचालन तथा आयमुलक कार्य गरी स्वरोजगार तथा उद्यमशिलता विकास भएको हुने । | महिलाको नेतृत्वमा संचालित पर्यटनसंग सम्वन्धीत व्यवसाय तथा उद्योगको प्रतिशत | गापा वा.प्र | का.गा.पा |
| | | व्यवसाय तथा उद्योगमा संलग्न महिलाको दर | गापा वा.प्र | का.गा.पा |

**धन्यवाद**